कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

Silver Jubilee YUGAAWHAN NATIONAL DAILY ESTD : 2057 25th RAJAT JAYANTI 2082

वर्ष: २६ | अंक: १२६ | वि.सं. २०८३ भदौ २ मंगलवार | नेपाल संवत: ११४५, श्रावण शुक्ल षष्ठी | Tuesday 18 August 2026 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-

## खजुराको क्यान्सर अस्पतालमा नित्यपूजा र आरोग्य प्रार्थना अभियान सुरु



**सरला सुवेदी**
**बाँके, १ भदौ ।**

बाँकेको खजुरास्थित सुशील कोइराला प्रखर क्यान्सर अस्पतालमा उपचाररत बिरामीको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै नित्यपूजा तथा आरोग्य प्रार्थना अभियान सुरु गरिएको छ। अस्पताल सञ्चालनमा आएको करिब १२ वर्षपछि अस्पताल परिसरमा रहेको मन्दिरमा धार्मिक अनुष्ठानसहित नित्यपूजा, हवन तथा आरोग्य प्रार्थना गर्ने अभियान औपचारिक रूपमा सुरु गरिएको हो। अभियानको शुभारम्भ संकल्पकर्ता सन्त श्री दीनदयालजी महाराजले विधिपूर्वक पूजा, हवन तथा आरोग्य प्रार्थना गरी गरेका थिए।

गुरुपुरोहितबाट मंगलवाचनसहित नित्यपूजा गरी अस्पतालमा उपचाररत बिरामीको शीघ्र स्वास्थ्यलाभको कामना गरिएको सन्त दीनदयालजी महाराजले जानकारी दिए। उनका अनुसार परोपकारलाई मुख्य उद्देश्य बनाएर स्थापना गरिएको अस्पताल निर्माणमा देशभरका विभिन्न धर्म तथा समुदायमा आस्था राख्ने श्रद्धालुको योगदान रहेको छ।

महायज्ञमार्फत स्थानीयवासीबाट संकलित दानबाट निर्माण गरी नेपाल सरकारलाई हस्तान्तरण गरिएको अस्पतालले हाल क्यान्सरपीडित तथा आर्थिक रूपमा विपन्न नागरिकलाई उपचार सेवा प्रदान गर्दै आएको उनले बताए।

सन्त दीनदयालजी महाराजले चिकित्सक तथा स्वास्थ्यकर्मीलाई बिरामीको सेवामा समर्पित भगवानका दूतका रूपमा उल्लेख गर्दै अस्पतालको मूल उद्देश्य सेवा र परोपकार रहेको बताए। उपचारसँगै बिरामीको आत्मबल बढाउने वातावरण निर्माण गर्नु पनि आवश्यक रहेको उनको भनाई छ।

अस्पतालका कार्यकारी निर्देशक डा. निरज भट्टराईले क्यान्सर उपचारमा औषधि तथा चिकित्सकीय सेवासँगै बिरामीको आत्मबल, आत्मविश्वास र सकारात्मक सोचको महत्वपूर्ण भूमिका रहने बताए। अस्पताल परिसरमा नियमित गरिने प्रार्थना तथा आध्यात्मिक गतिविधिले बिरामीमा आत्मबल र सकारात्मक ऊर्जा बढाउन सहयोग पुग्ने उनले विश्वास व्यक्त गरे।

अभियानअन्तर्गत अबदेखि अस्पताल परिसरस्थित मन्दिरमा हरेक दिन विधिपूर्वक नित्यपूजा, आरोग्य प्रार्थना तथा बिरामीको स्वास्थ्यलाभको कामना गरिनेछ। बिरामीको आत्मविश्वास अभिवृद्धिका लागि विभूति, मन्त्र उच्चारण तथा आशीर्वचन प्रदान गर्ने व्यवस्था पनि गरिने सन्त दीनदयालजी महाराजले जानकारी दिए।

नित्यपूजा तथा आरोग्य प्रार्थनामा उपचाररत बिरामीका कुरुवा तथा आफन्तलाई समेत सहभागी गराइनेछ। साथै, मन्दिर परिसरमा नियमित आरोग्य योग सञ्चालन गर्ने तयारीसमेत भइरहेको उनले बताए। नित्यपूजा शुभारम्भ कार्यक्रममा अस्पतालको मातृसंस्था प्रखर परोपकार मिशन नेपालका अध्यक्ष महेन्द्र मल्ल, अस्पतालका कार्यकारी निर्देशक डा. निरज भट्टराई, बाल क्यान्सर रोग विशेषज्ञ डा. सुभास मेहतासहित चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य सरोकारवालाको सहभागिता थियो।

कार्यक्रममा लक्ष्मीनारायण मन्दिर व्यवस्थापन समितिका अध्यक्ष शिवराज श्रेष्ठ, खजुराका धार्मिक अगुवा शिवप्रसाद सुवेदी, समाजसेवी रामचन्द्र बोगटी, पूर्णचन्द्र उपाध्यायलगायतको उपस्थिति थियो। अस्पतालमा उपचारसँगै आध्यात्मिक तथा मनोबल अभिवृद्धिका गतिविधिलाई अघि बढाउने उद्देश्यले सुरु गरिएको अभियानले उपचाररत बिरामी र उनीहरूका परिवारमा आशा, आत्मबल तथा सकारात्मक वातावरण निर्माणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

### विपद् न्युनिकरणमा कर्णालीको कमजोर स्थिति

# पाँच वर्षमा ३९१ जनाले ज्यान गुमाए ९० हजार नागरिक भए विस्थापित

> पहिरोमा परी भेरी नगरपालिकाका विभिन्न क्षेत्रमा ११ जना घाइते भए। जिल्ला प्रहरी कार्यालय जाजरकोटका अनुसार चार सय ३० नागरिक विस्थापित भएका छन्।

**ओम शाही**
**सुर्खेत, १ भदौ ।**

१७ कार्तिक २०८० को विनासकारी भूकम्पको धक्का व्यहोरेको जाजरकोटले पुनः प्राकृतिक विपद् व्यहोरेको छ। एक सय ५४ जनाको ज्यान जाने गरी आएको भूकम्पले दिएको आहात बिर्सन नपाउँदै पहिरोले जाजरकोटीहरुलाई अर्को नर्बिसने चोट दिएर गएको छ। भूकम्पपछिको पुनर्निर्माणमा सरकारी उपेक्षाले अस्थायी आवासमा बस्न बाध्य नागरिकलाई केही दिनअघि परेको अविरल वर्षापछि आएको पहिरोले पीडा दिएर गएको छ।

शनिबार (३० साउन) दिउँसो परेको अविरल वर्षापछिको पहिरोमा परी चार जनाले ज्यान गुमाउन बाध्य भए। मृत्यु हुनेमा भेरी नगरपालिका-२, चिसापानीका ७० वर्षीय भीमबहादुर कार्की, सोही वडाकी ८७ वर्षीया रती खत्री, उनका ५४ वर्षीय छोरा उमासिंह खत्री छन्। उनीहरुको शव सुरक्षाकर्मी र स्थानीयहरुले पहिरोले पुरिएको अवस्थामा फेला पारेका थिए।

पहिरोमा परी घाइते भएका सोही वडाका ५२ वर्षीय केदार कार्कीको मेडिकल कलेज कोहलपुरमा उपचारका क्रममा मृत्यु भएको थियो। पहिरोमा परी भेरी नगरपालिकाका विभिन्न क्षेत्रमा ११ जना घाइते भए। जिल्ला प्रहरी कार्यालय जाजरकोटका अनुसार चार सय ३० नागरिक विस्थापित भएका छन्।

विस्थापित अधिकाश भूकम्पपछि बनाइएका अस्थायी टहरामा बस्दै आएका थिए। भेरी नगरपालिका विपद् व्यवस्थापन शाखा प्रमुख यज्ञप्रसाद गौतमका अनुसार उनीहरुलाई विद्यालय लगायतका सार्वजनिक भवनमा अस्थायी शिविर बनाएर राखिएको छ। उनका अनुसार पहिरोका कारण चार गर्भवती, दुई वर्षमुनिका १६, पाँच वर्षमुनिका २० बालबालिका, अपाङता भएका ६ व्यक्तिहरु प्रभावित बनेका छन्।

'लगातारको वर्षापछि आएको पहिरोले नगरका विभिन्न क्षेत्रमा ठुलो क्षति पुऱ्याएको छ,' गौतमले भने, 'पहिरोबाट विस्तापित हुनुभएका नागरिकलाई नगरपालिकाले तीन वटा अस्थायी शिविर बनाएर व्यवस्थापन गरेको छ।' उनका अनुसार प्रभावित क्षेत्रमा खानेपानी, विजुली र बाटो पूर्णरुपमा अवरुद्ध छन्।

विभिन्न विकास साझेदार संस्थाहरुसँगको सहकार्यमा विस्थापित नागरिकहरुको स्वास्थ्य जाँच, मनोपरामर्श लगायत आवश्यक सुरक्षाको प्रवन्ध गरिएको उनले बताए। उनका अनुसार वर्षाका कारण सरसफाईजन्य रोग फैलन नदिन नगरपालिकाले स्वास्थ्यकर्मीको टोली शिविरमा राखेको छ। भेरी नगरपालिका-२, रिसाङ, ३ को स्याला लगायत दर्जन बढी बस्तीको सिरबाट पहिरो खसेकाले तत्काल बस्तीमा फर्कन सक्ने अवस्था नरहेको गौतमले बताए।

२३ असोज २०७९ मा कालीकोटको तिलागुफा नगरपालिका-४, राँचुलीमा स्थानीय हेमराज शाहीको मलामी गएका वडाध्यक्षसहित १३ जना पहिरोमा पुरिए। उक्त वडाका वडाध्यक्ष परबहादुर शाहीसहितका मलामीलाई घाटमाथिबाट आएको पहिरोले तिला नदीमा बगायो। पहिरोका कारण दुई सयभन्दा बढी घरधुरी प्रभावित भएका थिए।

पहिरोसँगै तिला नदीमा रेलिएकाहरुको अवस्था अझै पनि अज्ञात छ। त्यस्तै, २९ र ३० साउन २०७१ मा परेको अविरल वर्षाका कारण भेरी नदीमा आएको बाढीले दुई सय २२ जनाले ज्यान गुमाए, झण्डै तीन सयभन्दा बढी परिवार पूर्ण रूपमा विस्थापित हुँदा करोडौंको भौतिक क्षति हुन गयो।

भेरी नदीमा निर्माण भएका आधा दर्जनभन्दा बढी झोलुङ्गे पुलहरू बाढीसँगै बगे। उक्त बाढीमा परी विस्थापित भएका सुर्खेतको बराहताल गाउँपालिका-२, स्थित रानीघाट, थापाडेरा, डोप्का, सिस्नेरी र पाग्मालगायत बस्तीमा बसोबास गर्ने एक सय ५० घरपरिवार अहिले पनि कर्णाली राजमार्गमा पर्ने गिरीघाटमा अस्थायी पाल टागेर बस्न बाध्य छन्।

विस्थापित भएको एक दशक बित्दा पनि तीनै तहका सरकारले यहाँका बासिन्दालाई पुनर्स्थापनाका नाममा आश्वासन बाँड्नुबाहेक केही गर्न सकेका छैनन्। वर्षौंदेखि उनीहरूले सरकारसँग एउटै माग राख्दै आएका छन्, सरकार हामीलाई घर बनाउने जग्गा चाहियो। एक प्रकारले भन्नुपर्दा यो बस्तीका नागरिकलाई सरकारले नै सुकुमवासी बनाएर सडक छेउ राखेको छ।

उल्लेखित परिघटनाहरू बढ्दो मनसुनजन्य प्राकृति विपद्का हुन्, जसका कारण कर्णालीका सयौं

बाँकी ३ पेजमा



## किन बढ्यो प्राकृतिक विपद्को जोखिम ?

राष्ट्रिय योजना आयोगको 'नेपाल दिगो विकास लक्ष्य, स्थिति र मार्गचित्र सन् २०१६-२०३०' ले नेपालमा हरेक वर्ष हिंशाले भन्दा पहिरो, बाढी, वायु प्रदूषण लगायतका कारण मानिसको बढी ज्यान जाने गरेको देखाएको छ।

उक्त प्रतिवेदनले उत्थानशील नेपाल अर्थात् दिगो भौतिक संरचनाको परिकल्पना गर्दै बलिया तथा गुणस्तरीय योजनाबद्ध सुरक्षित पूर्वाधारमा भवन र बस्तीहरू निर्माण गरिनुपर्ने उल्लेख गरेको छ। मध्यपश्चिम विश्वविद्यालय विज्ञान तथा प्रविधि संकायका डीन एवं जलवायुविज्ञ डा. सुदीप ठकुरी नेपालले प्राकृतिक प्रकोपबाट क्षति र नोक्सानी न्यूनीकरण गर्न पहिलो कदम संरचना सुधार र एकीकृत बस्ती निर्माण भएको बताउँछन्।

विकासको नाममा जथाभावी सडक, पुल र भवनको डिजाइनमा कमजोर इन्जिनियरिङका कारण पनि विपद्ले बढी क्षति पुऱ्याउने गरेको उनी बताउँछन्। उनले जाजरकोटमा शनिबार गएको पहिरोलाई एक कारणबाट मात्र विश्लेषण गर्न नहुने बताउँछन्। भौगोलिक अवस्थिती, सुख्खापन, २०८० कार्तिकको भूकम्प र बस्तीको माथितिर जथाभावी खनिएका सडक पहिरोको कारण भएको उनले बताए।

कर्णालीका स्थानीय तहमा सडक र पुल बढी नै प्राथमिकतामा पर्नु तर, भौतिक संरचना बनाउनुअघि वातावरणीय प्रभाव मूल्यांकन अध्ययनलाई कर्मकाण्डी बनाइँदा बिस्तारै कर्णालीका लागि विपद् महँगो सावित हुँदै गएको ठकुरीको बुझाइ छ।

पूर्वाधार विकासका नाममा प्रकृतिसँग प्रतिस्पर्धा मानवजातिकै लागि घातक सिद्ध हुने उल्लेख गर्दै कर्णालीको भौगोलिक अवस्थाको पहिचान गरी वातावरणमा पर्न सक्ने दीर्घकालीन

बाँकी ३ पेजमा

GANGAMALA TRAVELS & TOUR PVT. LTD

CAR WASH

Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810



● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

युगआह्वान
राष्ट्रिय दैनिक

## सम्पादकीय....

# स्थापित विधि नतोड !

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले पदाधिकारी छनौंट तथा सिफारिस सम्बन्धी कार्यविधि जारी गरेको दुई दिनमै रजिस्ट्रार पदको शैक्षिक योग्यता परिवर्तन गरेको छ। यो स्थापित विधि र अभ्यासमा गम्भीर प्रश्न उठाउने विषय हो। २७ साउनमा जारी कार्यविधिमा रजिस्ट्रारका लागि चिकित्साशास्त्र, जनस्वास्थ्य, जनप्रशासन, व्यवस्थापन वा स्वास्थ्य विज्ञानमध्ये कुनै विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण हुनुपर्ने व्यवस्था थियो । तर, २४ घण्टा नबित्दै त्यसलाई संशोधन गरी 'कुनै पनि विषयमा' स्नातकोत्तर गरेको व्यक्ति पनि योग्य हुने व्यवस्था गरियो । यस्तो हतारमा गरिएको संशोधनले प्रतिष्ठानको निर्णय प्रक्रियाको पारदर्शिता र नियतप्रति स्वाभाविक रूपमा आशंका जन्माउँछ । रजिस्ट्रार प्रतिष्ठानको सामान्य पद होइन। आर्थिक तथा कर्मचारी प्रशासनको रेखदेख गर्ने महत्वपूर्ण जिम्मेवारी यस पदसँग जोडिएको हुन्छ। त्यसैले पदको जिम्मेवारीसँग मेल खाने शैक्षिक योग्यता र अनुभवलाई प्राथमिकता दिनु स्वाभाविक हो।

व्यवस्थापन, वित्त, प्रशासन वा स्वास्थ्य क्षेत्रको ज्ञान भएको व्यक्तिबाट संस्थाको प्रशासनिक र आर्थिक व्यवस्थापन प्रभावकारी हुने अपेक्षा गरिन्छ । 'जुनसुकै विषय'मा स्नातकोत्तर गरेकै आधारमा योग्य बनाउने व्यवस्थाले पदको विशिष्टता कमजोर पार्ने जोखिम हुन्छ। अझ यसमा गम्भीर विषय त के हो भने प्रतिष्ठानले २८ साउनमा पदाधिकारी नियुक्तिका लागि सूचना प्रकाशित गरिसकेपछि २९ साउनमा रजिस्ट्रारको योग्यता मात्र परिवर्तन गरेको छ । अन्य पदाधिकारीको योग्यता यथावत राखेर एउटै पदको मापदण्ड फेरिनुले निर्णय साँच्चिकै अवसरको दायरा फराकिलो बनाउन गरिएको हो कि कुनै निश्चित व्यक्तिलाई प्रतिस्पर्धामा ल्याउन ? भन्ने प्रश्न उब्जनु नाजायज होइन । कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा रजिस्ट्रारको योग्यता हेरफेरको विवाद नयाँ होइन । विगतमा पनि व्यक्तिविशेषलाई नियुक्ति गर्न सहज हुने गरी कार्यविधि संशोधन गरिएको आरोप लाग्दै आएको छ । यसपटकसमेत कार्यविधि संशोधन भएको घटनाले त्यही पुरानो अभ्यास दोहोरिन लागेको आशंका बढाएको छ ।

संस्था निर्माण गर्नेभन्दा व्यक्तिको अनुकूलता हेरेर नियम बनाउने प्रवृत्ति स्थापित भयो भने प्रतिष्ठानको स्वायत्तता र विश्वसनीयता दुवै कमजोर हुन्छ। प्रतिष्ठानले भने सबै क्षेत्रका व्यक्तिलाई अवसर दिने उद्देश्यले संशोधन गरिएको दाबी गरेको छ। यस्तो दाबी सही हो भने पनि त्यसको औचित्य स्पष्ट पार्ने जिम्मेवारी प्रतिष्ठानकै हो । किन एकाएक योग्यता परिवर्तन गर्नुपर्‍यो ? विज्ञापन जारी भइसकेपछि मात्रै किन संशोधन गरियो ? सरोकारवाला र विज्ञसँग परामर्श भयो कि भएन ? यी प्रश्नको सार्वजनिक जवाफ आवश्यक छ। स्वास्थ्य विज्ञान प्रतिष्ठानको नेतृत्व राजनीतिक स्वार्थको प्रयोगस्थल होइन। पदाधिकारी नियुक्तिमा योग्यता, अनुभव, क्षमता र संस्थाको आवश्यकतालाई पहिलो आधार बनाइनुपर्छ। नियम व्यक्तिअनुकूल बनाउने होइन, संस्था र प्रणालीअनुकूल बनाउनुपर्छ। सुशासनको प्रतिबद्धता व्यवहारमै देखाउने हो भने कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले विवादास्पद संशोधनबारे तत्काल स्पष्ट पार्दै निष्पक्ष र पारदर्शी प्रक्रिया अपनाउनुपर्छ। प्रतिष्ठानको गरिमा कुनै व्यक्तिको नियुक्तिभन्दा ठूलो हो।

## विश्व

# दक्षिण कोरियासँगको संयुक्त सैन्य अभ्यास घटाउन ट्रम्पको निर्देशन

**वासिङ्टन, १ भदौ ।**

संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले दक्षिण कोरियासँगको वार्षिक संयुक्त सैन्य अभ्यासमा भारी कटौती गर्न पेन्टागनलाई निर्देशन दिएका छन् । दक्षिण कोरियाले इरानविरुद्धको अमेरिकी युद्धमा सहयोग गर्न अस्वीकार गरेको तथा उत्तर कोरियाली नेता किम जोङ-उनसँग आफ्नो सम्बन्ध राम्रो रहेको भन्दै ट्रम्पले यस्तो निर्देशन दिएका हुन् ।

ट्रम्पले आइतबार सामाजिक सञ्जालमा लेख्दै सोमबारदेखि सुरु भएको संयुक्त सैन्य अभ्यास महँगो हुनुका साथै उत्तर कोरियाका लागि 'पूर्ण रूपमा अनुपयुक्त र शत्रुतापूर्ण सन्देश' भएको बताएका छन् । उनले आफ्नो पहिलो कार्यकालमा उत्तर कोरिया 'अहानिकारक र सम्मानजनक' रहेको दाबी गरे । "अभ्यास रद्द गर्न अब धेरै ढिलो भइसकेको तथ्यलाई मध्यनजर गर्दै मैले रक्षामन्त्री पिट हेगसेथलाई संयुक्त सैन्य अभ्यासमा भारी कटौती गर्न निर्देशन दिएको छु", ट्रम्पले लेखेका छन् ।

ट्रम्पका अनुसार उनले हालै दक्षिण कोरियाली राष्ट्रपतिसँग इरानको 'आणविक निशस्त्रीकरण' प्रयासमा अमेरिकालाई सहयोग गर्नेबारे सोधेका थिए। तर, दक्षिण कोरियाले त्यसमा असहमति जनाएको उनले बताएका छन् ।

यो निर्णय दक्षिण कोरियासँगको अमेरिकी सुरक्षा गठबन्धनप्रति ट्रम्प प्रशासनको दृष्टिकोणमा आएको महत्त्वपूर्ण परिवर्तनका रूपमा देखिएको छ। यसअघि मे महिनामा पेन्टागनमा भएको बैठकमा रक्षामन्त्री हेगसेथले दक्षिण कोरियाको रक्षा खर्च बढाउने प्रतिबद्धता र कोरियाली प्रायद्वीपको सुरक्षामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने तयारीको प्रशंसा गरेका थिए ।

### १८ हजार दक्षिण कोरियाली सैनिक सहभागी

दक्षिण कोरियाली र अमेरिकी सेनाबीचको ११ दिने 'उल्ची फ्रिडम शिल्ड' संयुक्त अभ्यासमा करिब १८ हजार दक्षिण कोरियाली सैनिक सहभागी छन् । उत्तर कोरियाबाट हुन सक्ने सैन्य खतराविरुद्ध संयुक्त प्रतिरक्षा क्षमता सुदृढ गर्ने उद्देश्यले अभ्यास आयोजना गरिएको हो ।

अमेरिकी सेनाका अनुसार अभ्यासले क्षेत्रीय शान्ति तथा सुरक्षाका लागि अमेरिका-दक्षिण कोरिया गठबन्धनको भूमिका सुदृढ गर्नुका साथै दक्षिण कोरियाको रक्षा प्रतिबद्धतालाई पुनः पुष्टि गर्छ । अभ्यासमा वास्तविक गोलीबारी, सैन्य युक्ति तथा नदी पार गर्ने अभ्यासलगायतका गतिविधि समावेश छन् ।

दक्षिण कोरियाको रक्षा मन्त्रालयले भने अभ्यास योजनाअनुसार सोमबारदेखि सुरु भएको पुष्टि गरेको छ । यो संयुक्त अभ्यास उत्तर कोरियाले संयुक्त राष्ट्रसङ्घीय प्रतिबन्धको अवज्ञा गर्दै ब्यालिस्टिक क्षेप्यास्त्र परीक्षण पुनः सुरु गरेको केही दिनपछि भएको हो ।

अमेरिकी डेमोक्र्याटिक सिनेटर तथा पूर्व नौसेना पाइलट मार्क केलीले ट्रम्पको निर्णयको आलोचना गर्दै संयुक्त सैन्य अभ्यास कमजोर पार्नु "अदूरदर्शी र गल्तीपूर्ण कदम" भएको बताएका छन् ।

### उत्तर कोरियाको चेतावनी

उत्तर कोरियाले शुक्रबार अमेरिका र दक्षिण कोरियाविरुद्ध अस्पष्ट तर कडा कदम चाल्ने चेतावनी दिएको थियो । उसले संयुक्त सैन्य अभ्यासलाई 'आक्रामक युद्धको पूर्वाभ्यास' भन्दै यसले क्षेत्रीय अस्थिरता बढाउने आरोप लगाएको थियो ।

विश्लेषकहरूका अनुसार उत्तर कोरियाले प्रायः अमेरिका र दक्षिण कोरियाका संयुक्त सैन्य अभ्यासलाई आफ्ना आणविक तथा क्षेप्यास्त्र कार्यक्रम अघि बढाउने बहानाका रूपमा प्रयोग गर्दै आएको छ ।

# पर्यटन उद्योग विकासको मार्गचित्र



✍ **दिनेश तुलाधर**

पर्यटन उद्योगको मेरुदण्डका रूपमा रहेको आतिथ्य क्षेत्रलाई नेपालको अर्थतन्त्रको प्रमुख आधारका रूपमा लिन सकिन्छ। आतिथ्य क्षेत्रमा पनि होटल क्षेत्र व्यवसायका रूपमा मात्र नभई उद्योगका रूपमा विकास भएको छ। होटल उद्योगमा छ दशकभन्दा बढीको अवधिमा खर्बौं रुपैयाँ बराबरको निजी लगानी भइसकेको छ। यस उद्योगमार्फत रोजगारी सिर्जना, वैदेशिक मुद्रा आर्जन, लगानी विस्तार, गन्तव्य विकास तथा समग्र आर्थिक गतिविधिमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको छ।

केही वर्षयता होटल उद्योगमा बढ्दो लगानीले मुलुकको समावेशी तथा विकेन्द्रित विकासमा होटल उद्योगले अतुलनीय भूमिका खेलेको छ। नेपालको होटल उद्योगले वार्षिक करिब ४० लाख पर्यटकलाई सेवा दिनसक्छ तर अहिले १२ लाख हाराहारी मात्रै पर्यटक आइरहेका छन् । देशभरका होटल तथा रिसोर्टहरूमा वार्षिक ४० लाखभन्दा बढी अन्तरराष्ट्रिय पर्यटकलाई सेवा प्रदान गर्ने क्षमता विकास भइसकेको छ भने लाखौँ रोजगारी सिर्जना गरी विश्वस्तरका ख्याति प्राप्त चेन होटलहरूको पनि नेपालप्रति आकर्षण बढेको पाइन्छ।

हाल नेपालमा करिब २० भन्दा बढी ठूला अन्तरराष्ट्रिय चेन होटल तथा रिसोर्टहरू सञ्चालनमा छन् भने करिब १५ जति नेपाल आउने क्रममा रहेको अवस्था आफैँमा उत्साहप्रद देखिन्छ। तारे तहका होटल तथा रिसोर्टको सङ्ख्या पर्यटन विभागमा आधिकारिक दर्ता भएका नै ३५० रहेबाट वार्षिक झन्डै एक करोडको शय्याको उपलब्ध रहेको देखिन्छ।

एकातिर होटलको सङ्ख्या र क्षमता बढ्दै गएको छ भने अर्कोतिर विदेशी पर्यटकको आगमन उल्लेख्य रूपमा बढ्न नसक्दा करिब ३५ प्रतिशत मात्र 'अकुपेन्सी' रहेको अवस्था छ। यसले उपलब्ध पूर्वाधार र लगानीको पर्याप्त उपयोग हुन नसक्दा व्यवसायीहरू निराश बन्नुपर्ने अवस्था रहेको छ।

नेपालको पर्यटन 'सिजन'मुखी भएको कारण होटल उद्योगले वर्षभरि नै एकैखालको 'अकुपेन्सी' पाउन सकिरहेको छैन । देशको पर्यटन उद्योगको अथाह सम्भावनालाई दृष्टिगत गरी चेन होटलहरूको वृद्धिसँगै लगानी विस्तार बढिरहेको अवस्था छ भने पर्यटन विकेन्द्रीकरणको अभावमा मौकामा व्यवसाय गरी अरू समय व्यवसाय धान्न मुस्किल हुने गरेको छ। विगत केही वर्षमा पर्यटन पूर्वाधार विस्तार, हवाई पहुँच सुधार तथा होटल उद्योगको विकासमा उल्लेखनीय प्रगति भए पनि अन्तरराष्ट्रिय सम्मेलन तथा प्रदर्शनी पूर्वाधारको अभाव, पर्यटकको औसत बसाइ अवधि र खर्च न्यून रहनु, उच्च सम्भावना भएका स्रोत बजारहरूबाट पर्यटक आगमनमा आएको कमी, गन्तव्य विविधीकरणको आवश्यकता, पर्यटन प्रवर्द्धनका नयाँ रणनीतिहरू तथा लगानीमैत्री नीतिगत सुधारजस्ता विषयहरू अझै पनि चुनौतीका रूपमा रहेका छन्।

नेपालको पर्यटन क्षेत्रलाई गुणात्मक रूपमा विस्तार गर्दै उच्च खर्च गर्ने खालका पर्यटकहरूलाई आकर्षित गर्ने, उनीहरूको बसाइ अवधि बढाउने, लगानी प्रवर्द्धन गर्ने तथा नेपाललाई दक्षिण एसियाको अग्रणी पर्यटन गन्तव्यका रूपमा स्थापित गर्न राज्यको सकारात्मक भूमिका आवश्यक छ। नेपाललाई अन्तरराष्ट्रिय सम्मेलन, प्रदर्शनी, खेल पर्यटन तथा आरोग्य पर्यटनको क्षेत्रीय केन्द्रका रूपमा विकास गर्न सकिन्छ। काठमाडौँलाई संस्कृति कला तथा सम्पदा पर्यटन, पोखरालाई नेपालको प्रमुख पर्यटन राजधानीका रूपमा विस्तार गरी लुम्बिनीलाई शान्तिभूमि तथा चितवन वर्दिया जस्ता केन्द्रलाई वन्यजन्तु पर्यटक केन्द्रका रूपमा विकास गर्न सकिएमा पर्यटकको आगमन, बसाइ र खर्च गर्ने क्रम बढाउन सकिन्छ। जनकपुरलाई विवाह गन्तव्यका रूपमा विस्तार गरी खप्तड बडीमालिका, सैलुङजस्ता क्षेत्रहरूमा होटल तथा क्यासिनो विस्तार गर्न आकर्षक लगानी तथा वित्तीय सहजीकरणको आवश्यकता रहेको छ।

पर्यटकको औसत बसाइ अवधिमा वृद्धि र प्रतिपर्यटक खर्च वृद्धि गर्न पर्यटन उत्पादनको विविधीकरण तथा गन्तव्य व्यवस्थापनमा ध्यान दिनुपर्ने हुन्छ। खासगरी भारत, चीन बङ्गलादेश, श्रीलङ्का, अमेरिका, युरोपलगायत प्रमुख स्रोत बजारबाट पर्यटक आगमन वृद्धि गर्न विशेष रणनीति जरुरत पर्दछ। होटल तथा पर्यटन क्षेत्रमा निजी लगानी विस्तारका लागि नीतिगत तथा संस्थागत सुधारका साथै कानूनी उल्झन र अप्ठ्याराहरूलाई द्रूतगतिमा सम्बोधन गर्न तथा हवाई पहुँच, पर्यटन क्षेत्रको समग्र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि तथा पर्यटनमैत्री वातावरण निर्माणसम्बन्धी सुधार गर्न अन्तरमन्त्रालय निकाय सम्मिलित सहजीकरण समितिमार्फत कार्य सम्पादन गरिनुपर्ने हुन्छ।

सरकार र निजी क्षेत्रको सहकार्यमा नेपालको पर्यटन क्षेत्रको आधारस्तम्भ होटल उद्योगलाई राष्ट्रिय आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा स्थापित गर्न सकिन्छ। होटल उद्योगलाई थप प्रोत्साहित गर्दा बहुआयामिक क्षेत्रमा सकारात्मक प्रभाव पुग्ने, आपूर्ति शृङ्खला अभिवृद्धि हुने, ग्रामीण विकासले गति लिने मात्र नभई नेपालले अन्तरराष्ट्रिय पर्यटक आगमन सङ्ख्या वृद्धिमार्फत पर्यटन आम्दानी, वैदेशिक लगानी र रोजगारी सिर्जनामा गुणात्मक फड्को मार्न सकिन्छ।

नेपालमा योग, ध्यान र प्राकृतिक उपचारको ठूलो सम्भावना छ । सरकारले पदयात्रा र साहसिक पर्यटनसँगै आरोग्य पर्यटनलाई पनि प्राथमिकतामा राखेकामा होटल क्षेत्रले उच्च प्रशंसा गर्दै त्यसलाई व्यवस्थित रूपमा प्रवर्द्धन गर्नसके उच्च खर्च गर्ने पर्यटक आकर्षित गर्न सकिन्छ।

मुलुकको पर्यटन प्रवर्द्धनका लागि विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूले जुन सक्रियताका साथ कार्य गर्नुपर्ने हो सोको कार्यान्वयन हुन नसकेको र आवधिक रूपमा गरिने भौतिक उपस्थितिसहितको प्रवर्द्धनले मात्र नेपाली पर्यटन उद्योगको विकास हुन सकेको छैन । आर्थिक कूटनीतिअन्तर्गत पर्यटन कुटनीतिलाई विशेष जोड दिन परराष्ट्र मन्त्रालयअन्तर्गत पर्यटन कूटनीतिका विज्ञ व्यक्ति नियुक्त गरी पर्यटन मन्त्रालय, नेपाल पर्यटन बोर्ड र पर्यटनसँग सम्बन्धित सङ्घसंस्थाहरूसमेतको ज्ञान, सीप र सञ्जालको भरपूर उपयोग गर्न आवश्यक छ।

पर्यटन नीति २०८२ को गहन विश्लेषणग गरी त्यसमा उल्लेखित विषयहरूलाई नयाँ बन्ने पर्यटन ऐनमा समेटिनुपर्ने हुन्छ। नीतिमा उल्लेख गरिएका विषयहरूको कार्यानवयन ऐनमार्फत हुने हुँदा यसले मुलुकको पर्यटन क्षेत्रलाई माथि उठाउन महत्वपूर्ण कानुनी आधार तयार गर्दछ। पर्यटन अन्तरराष्ट्रिय सम्बन्ध जोडिएको र निजी क्षेत्रले बढी भूमिका खेल्नसक्ने भएको हुँदा ऐनको तर्जुमा गरिरहँदा पर्यटन सुरक्षा, डिजिटल पेमेन्ट, कृत्रिम बौद्धिकताको प्रयोग, अनलाइन भिसालगायत धेरै कुराहरूलाई समयानुकूल बनाउँदै लैजानुपर्ने हुन्छ। नेपालको पर्यटनलाई अझ विस्तृत र परिणाममुखी बनाउन नेपाल पर्यटन बोर्डको प्रवद्धनात्मक भूमिकासँगै पर्यटनको दिगो विकासका लागि पर्यटन विकास प्राधिकरणको आवश्यकता महसुस हुन थालेको छ। मन्त्रालय, विभाग र बोर्डले मात्रै समग्र पर्यटनको विकासमा काम गर्न कठिनाइ हुने हुँदा प्राधिकरणमार्फत पूर्वाधार निर्माण, दीर्घकालीन योजनालगायतका धेरै कामहरू गर्न सहज हुने देखिन्छ।

नेपाललाई पुराना ब्रान्डिङ (प्रकृति, संस्कृति र साहसिक गन्तव्य) का रूपमा मात्र सीमित राखिँदा विश्व बजारमा अन्य मुलुकहरूमा प्रयोग भइसकेको पर्यटन उद्योगका महत्वपूर्ण हिस्साहरू अहिलेसम्म बजारीकरण तथा व्यवस्थापन गर्न सकिएको छैन। हाल अधिक मागसहित प्रचलनमा रहेका दिगो पर्यटन, आरोग्य पर्यटन, स्वास्थ्य पर्यटन, खेल पर्यटन, 'डिजिटल नोम्याड', सेवानिवृत्त पर्यटन, अनुभवात्मक पर्यटन, 'रिजेनेटिभ टुरिजम', 'ट्रान्सफर्मेटिभ टुरिजम'हरूलाई अब सहायक पर्यटनका रूपमा नराखी पर्यटन नीति २०८२ का नवीन भावनाबमोजिम तत्काल कार्यान्वयनमा लैजान प्रस्तावित पर्यटन ऐनमा अद्यावधिक गरी अन्य ऐनहरूमा पनि समयसापेक्ष सुधारको खाँचो रहेको छ।

पर्यटन तथा होटलसम्बन्धी नीति, नियम, कानुन, नियमावली, निर्देशिका तथा मापदण्डहरूलाई परिवर्तित बजारको माग, पर्यटकको रुचि आदि विषयहरूलाई सापेक्ष बनाई व्यवसाय तथा पर्यटकमैत्री बनाउन विशेष प्राथमिकताका साथ संशोधन तथा परिमार्जन गर्नुपर्ने देखिन्छ। सन् २०३० भित्रमा पर्यटकहरूले कम्तीमा पनि दैनिक औसत खर्च न्यूनतम पनि एक सय डलर पुऱ्याउने गरी ठोस कार्यनीति आवश्यक रहेको छ। आजको विश्व बजारमा परम्परागत ढङ्गले बजारीकरण हुन सक्दैन । विभिन्न पर्यटक आकर्षणका गतिविधिहरू वृद्धि गर्दै सन् २०३० भित्र पर्यटकको औसत बसाई अवधि कम्तीमा पनि २० दिन पुऱ्याउने नीति अवलम्बन गर्नुपर्ने हुन्छ।

साथै, अन्तरराष्ट्रिय पर्यटकहरूका लागि अनलाइन भिसा/इटिए/अन आगमन भिसामा पर्यटकमैत्री तथा प्रविधिमैत्री बनाउन सकिए निश्चय नै लक्षित पर्यटक भित्र्याउन सकिन्छ।

प्रधानमन्त्री वालेन शाहसँग केही दिनअघि होटल सङ्घ नेपाल (हान) का पदाधिकारीहरूले गरेको विशेष छलफलमा वर्तमान सरकारले निजी क्षेत्रलाई उच्च प्राथमिकता दिएकाले राज्यलाई आफ्नो बलियो साझेदार मानेर ढुक्कसँग काम गर्न प्रधानमन्त्रीले गर्नुभएको अनुरोध निकै प्रशंसनीय छ। सो अवसरमा प्रधानमन्त्री शाहले निजी क्षेत्रलाई राज्यको विकास साझेदारका रूपमा अघि बढाउन सरकार प्रतिबद्ध रहेको बताउनुभएको थियो । होटल व्यवसायीलाई कानुनको पालना गर्दै व्यवसाय सञ्चालन गर्न, साना तथा मझौला होटललाई पर्यटन विभागमा दर्ता गरी करको दायरामा ल्याउन तथा सार्वजनिक-निजी साझेदारी (विपिपी) मोडलमा गर्न सकिने सहकार्यबारे अध्ययन गर्न सकिने उहाँबाट भनाइप्रति व्यवसायीहरूमा नयाँ उत्साह जागृत भएको छ। अन्तरराष्ट्रिय गौरवका आयोजनाका रूपमा रहेका पोखरा र भैरहवा विमानस्थललाई पूर्ण रूपमा सञ्चालनमा ल्याउन तथा राष्ट्रिय ध्वजावाहक नेपाल एयरलाइन्सको सेवामा व्यापक सुधार गर्न सरकारसँग अनुरोध

▶ बाँकी ३ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने कोसिस गर्नेछन् । वादविवादबाट जोगिँदै समयको गतिलाई पछ्याउने प्रयत्न गर्नुहोला।

**वृष** — सुखद समाचारले उत्साह जगाउनेछ । अध्ययनमा प्रगति हुनेछ। तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ। बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ।

**मिथुन** — हतारमा निर्णय लिँदा काम बिग्रन सक्छ। तत्कालको फाइदा हेर्दा पछिलाई समस्या पर्नेछ। बेसुरमा बोल्ने बानीले पनि दुःख पाइनेछ।

**कर्कट** — पहिले दिएको वचनले अप्ठ्यारो पार्न सक्छ । निरन्तरको प्रयत्नले मात्र काम बनाउन सकिनेछ । आफ्नै सहयोगीहरू प्रतिस्पर्धामा उत्रिन सक्छन्।

**सिंह** — देखेको विषयमा बोल्ने बानीले बित्थैमा दुःख पाइनेछ। अरूको आक्षेप सहनुपर्ने हुन सक्छ। खर्च बढ्नाले अर्थअभावले सताउन सक्छ।

**कन्या** — पहिलेको सफलताले महत्त्वाकांक्षा बढाउनेछ । विभिन्न अवसर पनि आउनेछन्। तर हठात् निर्णय गर्दा समस्या देखिन सक्छ।

**तुला** — सुरुमा खर्च लागे पनि दिगो काममा लगानी गर्ने अवसर जुट्नेछ। रोकिएका काम सम्पादन हुनेछन्। प्रयत्न गर्दा फसेको रकम उठ्न सक्छ।

**वृश्चिक** — आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । प्रयत्न गर्दा दिगो काम प्रारम्भ हुन सक्छ। स्रोत-साधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ।

**धनु** — समुदायको हितमा राम्रै काम गर्न सकिनेछ। आजको मिहिनेतले कीर्तिमानी दिलाउन सक्छ । प्रयत्न गर्दा महत्त्वपूर्ण वस्तु लाभ होला।

**मकर** — परिस्थितिको चक्रमा अलमलिनुपर्दा कार्यसम्पादनमा समय लाग्नेछ । तापनि व्यापार बढ्नेछ र प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ।

**कुम्भ** — कामको काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ने परिस्थिति देखिन्छ । स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्याउनुहोला।

**मीन** — परिस्थिति अनुकूल रहे पनि जीवनशैली व्यस्त रहला । निम्तो आए पनि आतिथ्य खर्चिलो बन्न सक्छ। भौतिक सुविधाले खर्च निम्त्याउला।

## कर्णालीमा ठूला जलविद्युत् विकासको ढोका खुल्यो:

# ४२० मेगावाटको तिला–२ को वित्तीय व्यवस्थापन




**युग संवाददाता**
**काठमाडौँ, १ भदौ ।**

कर्णाली प्रदेशको कालिकोट जिल्लामा निर्माण हुने ४२० मेगावाट क्षमताको तिला-२ जलविद्युत् आयोजनाका लागि वित्तीय व्यवस्थापन (फाइनन्सियल क्लोजर) सम्पन्न भएको छ। ऊर्जा तिला पावर कम्पनीद्वारा प्रवर्द्धित उक्त आंशिकजलाशय आयोजनाका लागि एभरेष्ट बैंकको अगुवाइमा विभिन्न बैंक तथा वित्तीय संस्थाहरूबीच लगानी सम्झौतामा हस्ताक्षर भएको हो।

एभरेष्ट बैंकको अगुवाइमा रहेको कन्सोर्टियम (सहवित्तीयकरण) मा सानिमा बैंकलगायत ९ बैंक तथा वित्तीय संस्थाको ऋण लगानी रहेको छ। लगानीकर्ताहरूमा प्राइम कमर्सियल बैंक, एनआईसी एसिया बैंक र ग्लोबल आइएमई बैंक लगायत छन्।

अन्य बैंकहरूमा सिद्धार्थ बैंक, नबिल बैंक, नेपाल इन्फ्रास्ट्रक्चर बैंक (निफ्रा), कृषि विकास बैंक, मुक्तिनाथ विकास बैंक र कामना सेवा विकास बैंक रहेका छन्। लगानी सम्झौतासँगै आयोजना निर्माणका लागि आवश्यक वित्तीय व्यवस्थापनको चरण पूरा भएको छ।

तिला-२ को कूल अनुमानित लागत ७० अर्ब ७ करोड रुपैयाँ रहेकोमा ७५ प्रतिशत अर्थात् ५२ अर्ब ५५ करोड रुपैयाँ बैंक तथा वित्तीय संस्थाबाट ऋणका रूपमा जुटाइने छ। बाँकी २५ प्रतिशत अर्थात् १७ अर्ब ५२ करोड रुपैयाँ स्वपूँजी (इक्विटी) बाट व्यवस्थापन गरिने छ। प्रवर्द्धक कम्पनीले आयोजना प्रभावित क्षेत्रका बासिन्दा तथा सर्वसाधारणका लागि २० प्रतिशत सेयर छुट्याएको छ।

कालिकोटको तिलागुफा नगरपालिकामा बाँध तथा खाँडाचक्र नगरपालिकामा विद्युत्गृह निर्माण हुने यस आयोजनाले सुख्खायाममा दैनिक ६ घण्टासम्म पिकिङ क्षमतामा विद्युत् उत्पादन गर्न सक्ने छ। आयोजनाबाट वार्षिक कूल २,३१८.७९ गिगावाट घण्टा विद्युत् उत्पादन हुनेछ। जसमध्ये सुख्खायामको पिक समयमा ४५१.५० गिगावाट घण्टा, अफ-पिक समयमा २०५.४५ गिगावाट घण्टा र वर्षायाममा १,६६२.२९ गिगावाट घण्टा विद्युत् उत्पादन भई राष्ट्रिय प्रसारण प्रणालीमा जोडिने छ।

आयोजनाले २०७५ भदौ ७ गते विद्युत् विकास विभागबाट विद्युत् उत्पादनको अनुमतिपत्र प्राप्त गरिसकेको छ। २०८१ कात्तिक ७ गते नेपाल विद्युत् प्राधिकरणसँग २६९.७४ मेगावाट क्षमताका लागि विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) सम्पन्न गरिसकेको छ। निर्माण सुरु भएको चार वर्षभित्र आयोजना सम्पन्न गर्ने लक्ष्य राखिएकोमा आयोजनाका मुख्य प्रवर्द्धकमा स्ट्रिम इन्भेस्टमेन्ट, ऊर्जा इम्प्याक्ट फण्ड, रबिन्स युएसए लगायत संस्थागत तथा व्यक्तिगत लगानीकर्ता रहेका छन्।

# खपटे किरो र सिलसाको सङ्क्रमणले मौरीका घार रित्तिँदै



**युग संवाददाता**
**बाँके, १ भदौ ।**

मह उत्पादनका लागि पालिएका मौरी खपटे किरोको सङ्क्रमणले मर्न थालेपछि यहाँका मौरीपालक किसान चिन्तित भएका छन्। खपटे किरोले घारमै मौरीको खानेकुरा, फूल र लार्भा खाइदिएका कारण मौरी रित्तिने अवस्था आएको छ।

कोहलपुरस्थित मौरीपालक किसान पुरमल बस्नेतले भने, "अहिले मौरीका लागि सङ्कटकालजस्तै भएको छ, खपटे किरोले मौरीको खाने कुरा, फूल र लार्भा खाइदिएका कारण मौरी जोगाउनै कठिन भएको छ। बाहिर आउँदा चराको आक्रमण छ भने घारभित्र खपटे कीराको सङ्क्रमण बढ्दो छ।"

मौरीलाई खानपानको व्यवस्था गर्न सकिएन भने मौरीको घारमा किसानले ठूलो नोक्सानी बेहोर्नुपर्ने उल्लेख गर्दै बस्नेतले यसतर्फ सरोकारवाला निकायले ध्यान दिनुपर्ने बताए। एक सय घार मौरीपालन गर्दै आउनुभएका बढैयाताल गाउँपालिका मैनापोखर बर्दिया निवासी मौरीपालक किसान घनश्याम खत्रीले वर्षायाम मौरीको खाना अभाव हुने समयमा खपटे कीरा र सिलसाको सङ्क्रमणले मौरी जोगाउनै कठिन भएको बताए।

उनका अनसार विगत दुई महिनादेखि मौरीको घारमा यो समस्या देखिएको छ। उपचारका लागि घरेलु विधि अपनाए पनि प्रभावकारी हुन सकेको छैन।

> "एउटा घारमा १० वटा 'फ्रेम' हुन्छ त्यसमध्ये दुईदेखि तीन फ्रेम खाली भएको छ," खत्रीले भने, "यसको प्रत्यक्ष असर मौरीपालक किसानलाई परेको छ।"

"एउटा घारमा १० वटा 'फ्रेम' हुन्छ त्यसमध्ये दुईदेखि तीन फ्रेम खाली भएको छ," खत्रीले भने, "यसको प्रत्यक्ष असर मौरीपालक किसानलाई परेको छ।" त्यस्तै बर्दिया बढैयातालका किसान सिंहबहादुर शाहीले पहिला यस्तो सङ्क्रमण कहिल्यै नदेखिएको बताए। एक सय ५० घार मौरीपालन गरिरहेको उनले खपटे र सिलसा किरोको सङ्क्रमण नरोकिए एक सय घार मौरी जोगाउन पनि कठिन हुने उल्लेख गरे।

बाँके र बर्दिया जिल्लामा किसानले व्यावसायिक मौरीपालन गर्दै आएका छन्। यहाँका किसान मौरी चराउन दाङ लैजाने गरेका छन्। तोरी फुल्ने 'सिजन'मा बाँके बर्दियाका विभिन्न क्षेत्रमा मौरीका घार राखेर चराउने गरिए पनि अधिकांश समय दाङ जिल्लामै मौरी चराउने गरिएको मौरीपालक किसान बताउँछन्।

अहिले यहाँका अधिकांश किसानले मौरी चराउन दाङमा घार राखेका छन्। दाङमा चराउन लगिएको मौरीको घारमा खपटे किरो र सिलसाको सङ्क्रमण देखिएपछि मौरी जोगाउन कठिन भइरहेको छ।

## पाँच...

नागरिकले ज्यान गुमाएका छन् भने हजारौँले ओत लाग्ने छानो गुमाएर विस्थापित बनेका छन्। यो क्रम वर्षेनी बढ्दै गएको छ। प्रहरीको तथ्यांक अनुसार कर्णाली प्रदेशमा विगत पाँच वर्ष (आर्थिक वर्ष २०७८/०७९ देखि २०८२/०८३ सम्म) मा पाँच हजार सात सय १६ प्राकृतिक विपदमा परी तीन सय ९१ जनाले ज्यान गुमाएका छन्।

चालु आर्थिक वर्षको साउन मसान्तसम्म अविरल वर्षापछि आएको पहिरोमा परि चार जनाको ज्यान गइसकेको छ, भने ११ जना घाइते भएका छन्। प्रदेश प्रहरी कार्यालय सुर्खेतले उपलब्ध गराएको तथ्यांक अनुसार पाँच वर्षको अवधिमा नौ सय ४२ जना घाइते हुँदा ४३ जना बेपत्ता भएका छन्। यस अवधिमा ९० हजार चार सय ६७ जना विस्थापित भएको तथ्यांकले देखाउँछ।

तथ्याङ्कले आर्थिक वर्ष २०८०/०८१ मा सबैभन्दा बढी मानवीय क्षति (मृत्यु, घाइते र विस्थापित संख्या) भएको देखाउँछ। आर्थिक वर्ष अनुसार २०७८/०७९ मा ६८ जनाको मृत्यु हुँदा ७३ घाइते, १६ वेपत्ता चार सय ८२ जना विस्थापित भएका छन्। यस्तै, आर्थिक वर्ष २०७९/०८० मृत्यु ७२, घाइते एक सय २४, वेपत्ता २५ र विस्थापित २० हजार नौ सय ४७, आर्थिक वर्ष २०८०/०८१ मृत्यु एक सय ९४, चार सय ७४ घाइते हुँदा ६७ हजार तीन सय ५७ नागरिक विस्थापित भएको सरकारी तथ्यांकले देखाउँछ।

यो वर्ष जाजरकोट भूकम्पका कारण मानविय क्षति र विस्थापितहरुको संख्या धेरै भएको हो। प्रहरीको तथ्यांक अनुसार आर्थिक वर्ष २०८१/०८२ मा मृत्यु ३५, घाइते एक सय ८०, वेपत्ता एक र विस्थापित एक हजार तीन सय १४, आर्थिक वर्ष २०८२/०८३ मा मृत्यु २२, घाइते ७३, वेपत्ता एक र विस्थापित तीन सय ६७ जना वेपत्ता भएका छन्।

जिल्लागत तथ्यांक हेर्ने हो भने पाँच वर्षको अवधिमा सबैभन्दा बढी मानवीय क्षति जाजरकोटमा भएको देखिन्छ। आर्थिक वर्ष २०८०/०८१ मा जाजरकोट भूकम्पका कारण सबैभन्दा धेरै मानविय क्षति भएको तथ्यांकले देखाउँछ। यस जिल्लामा विगत पाँच वर्षयता एक सय ३० जनाको प्राकृतिक विपद्मा परी मृत्यु भएको छ।

त्यस्तै, यो अवधिमा रुकुम पश्चिममा ७७, जुम्लामा ३७, कालीकोटमा ३३, दैलेखमा २२, मुगुमा २० जनाको मृत्यु भएको छ। यस्तै, हुम्लामा २०, सल्यानमा १९, डोल्पामा १९, सुर्खेतमा १४ जनाले विपद्मा परी ज्यान गुमाएको कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका निमित्त कार्यालय प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक सन्तोष सिंह राठौरले बताए।

# 'सरकार र निजी क्षेत्रले उद्यममैत्री वातावरण बनाउनुपर्छ'

**युग संवाददाता**
**काठमाडौँ, १ भदौ ।**

प्रतिनिधिसभा सदस्य विदुषी राणाले नेपालमा अटोमोबाइल, सूचना प्रविधि र पर्यटनजस्ता क्षेत्रमा अथाह सम्भावना रहेको बताएका छन्। नेपाल अटोमोबाइल्स इम्पोटर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा) ले आइतबार यहाँ आयोजना गरेको 'प्रतिभा भित्र्याउने र कामदार बाहिर पठाउनेः प्रक्रियामार्फत नेपालमा शिक्षा, सीप र उद्यमशीलताको खाडल पुर्ने' विषयक संवादमा उनले नेपालका हरेक क्षेत्रमा सम्भावना भए पनि नीतिगत जटिलताका कारण युवा विदेशिन बाध्य भएको बताए।

"युवालाई स्वदेशमै रोक्न सरकार र निजी क्षेत्रले उद्यममैत्री वातावरण बनाउनुपर्छ, व्यवसाय दर्तादेखि कर तिर्नसम्मका झन्झटिला प्रक्रिया अन्त्य गरी एकद्वार प्रणाली लागू गर्नु अबको आवश्यकता हो", उनले भने।

नाइमाका संस्थापक एवं उद्यमी सौरभ ज्योतिले विभिन्न सवारीसाधन देशभित्रै उत्पादन गर्न सकिने बताए। उनले यसका लागि स्थानीय आपूर्ति शृङ्खला र पार्टपुर्जा उद्योगको विकास गर्नुपर्नेमा जोड दिए। उनले उद्योगको आवश्यकता र शैक्षिक पाठ्यक्रमबीच तालमेल नहुँदा दक्ष जनशक्तिको अभाव खड्किएको भन्दै तत्काल पाठ्यक्रम परिमार्जन गर्नुपर्ने धारणा राखे।

थापाथली क्याम्पसका सहप्राध्यापक लोचनकेन्द्र देवकोटाले विश्वविद्यालयले सैद्धान्तिक ज्ञान दिए पनि व्यावहारिक सीपका लागि उद्योगसँगको सहकार्य अपरिहार्य रहेको बताए। "इन्टर्नसीप, अनुसन्धान र विद्यार्थीका परियोजनालाई उद्योगको समस्या समाधानसँग जोड्न सकेमात्र उत्पादनमुखी जनशक्ति तयार हुन्छन्", उनले भने।

पद्मकन्या क्याम्पसका प्राध्यापक भगवती सेढाईंले नेपालमा केही हुँदैन भन्ने नकारात्मक भाष्य परिवर्तन गर्नुपर्ने बताए। सरकारले ल्याएका उद्यमशीलताका नीतिको व्यावहारिक कार्यान्वयन नभएको भन्दै उनले निजी क्षेत्रलाई सीप विकासमा लगानी गर्न प्रोत्साहन गर्नुपर्ने धारणा राखे।

# बडीमालिका पूजा सोमबारदेखि प्रारम्भ



**युग संवाददाता**
**बाजुरा, १ भदौ ।**

धार्मिक तथा पर्यटकीय क्षेत्र बाजुरास्थित बडीमालिका मन्दिरमा आजदेखि मेला तथा पूजा प्रारम्भ भएको छ। यसअघि जिल्ला समन्वय समितिद्वारा आयोजित सर्वपक्षीय बैठकले दर्शनार्थीको बढ्दो चापलाई दृष्टिगत गर्दै बडीमालिका भगवतीको पूजा आजदेखि सुरु गर्ने निर्णय गरेको थियो।

बडीमालिका भगवती मन्दिरका पुजारी नेत्र पाध्यायले यस वर्ष मुख्य पूजा भदौ ११ गते भए पनि एकै दिन पूजा हुँदा दर्शनार्थीको अत्यधिक घुइँचो हुने भन्दै अगाडिदेखि नै सुरु गरिएको बताउनुभयो। बडीमालिकामा हरेक वर्ष मुख्य पूजा जनैपूर्णिमाको अघिल्लो दिन अर्थात् साउन शुक्ल चतुर्दशीका दिन हुन्छ। मुख्य पुजारी पाध्यायका अनुसार गत वर्ष मन्दिरमा ४५ हजारभन्दा बढी भक्तजनले दर्शन गरेका थिए।

हरेक वर्ष देशका विभिन्न जिल्लाका साथै छिमेकी मुलुक भारतबाट समेत यहाँ दर्शनार्थी आउने गरेका छन्। बाजुरा, डोटी र जुम्लाबाट पूजा सामग्रीसहित सरकारी टोलीसमेत यहाँ आउने परम्परा छ। डोटीबाट सरकारी पूजा सामग्री (पेटारो) सहित टोली यसअघि साउन २८ गते नै हिँडिसकेको छ।

यस वर्ष दर्शनार्थीको सङ्ख्या थप बढ्ने अनुमान गरिएको छ। गत वर्ष नेपाली सेनाले प्यागोडा शैलीमा बडीमालिका माताको नयाँ मन्दिर निर्माण गरेपछि यसको आकर्षण थप बढेकाले पनि सङ्ख्या बढ्ने अनुमान गरिएको स्थानीय चन्द्र थापाले बताए। बडीमालिका नगरपालिकाका प्रमुख अमरबहादुर खड्काले पूजा तथा मेला व्यवस्थापनका लागि सबै तयारी भइरहेको जानकारी दिए। त्यसका लागि जिल्ला प्रशासन, स्थानीय तह र सुरक्षा निकायले तयारी तीव्र पारेका उनले बताए।

"मेला सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन १४ बुँदे निर्णय गरिएको छ। मन्दिर जाने मार्गमा सङ्केत चिह्न, साइनबोर्ड तथा सूचना पाटी राख्ने, धार्मिक क्षेत्रको पवित्रता कायम गर्न मदिरा, लागूपदार्थ र मासुजन्य वस्तु निषेध गरिने निर्णय भएको छ", उनले भने।

यहाँ आउने दर्शनार्थीमा लेक लागे, बिरामी परे वा अन्य कारणले आपत्कालीन उद्धार आवश्यक परे जिल्ला प्रशासन, सुरक्षा निकाय र स्थानीय तहले तत्काल उद्धार गर्ने व्यवस्था निमित्त जिल्ला समन्वय अधिकारी दीपेन्द्र पाण्डेले बताए। त्यसका लागि स्थानीय तहले जिल्ला अस्पताल तथा स्वास्थ्य कार्यालयसँग समन्वय गर्ने र स्वास्थ्यकर्मीसँगको समन्वयमा बाँकी व्यवस्थापनको नेतृत्व नेपाली सेनाले गर्ने उनले जानकारी दिए।

## पर्यटन...

गरिएको छ।

यसैगरी, व्यवसायीहरूको तर्फबाट होटल उद्योगलाई अन्य उत्पादनमूलक उद्योग सरह विद्युत् महसुलमा सहुलियत दिन र साना तथा मझौला होटलका लागि २५ शय्यासम्मको सङ्क्षिप्त वातावरणीय मूल्याङ्कन अध्ययन अव्यावहारिक भएकाले त्यसलाई ५० शय्यासम्म कायम गर्न माग गरिएको थियो। वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा प्रविधि हस्तान्तरणअन्तर्गत 'ट्रेडमार्क' प्रयोगको 'रोयल्टी' रकम प्रचलित करबाहेक कूल बिक्री मूल्यको पाँच प्रतिशतभन्दा नबढ्ने व्यवस्थालाई संशोधन गरी आपसी समझदारीमा मूल्य कायम गर्ने प्रबन्ध मिलाउन र होटल व्यवसायसँग सम्बन्धित अन्य पुराना कानुन संशोधन तथा पुनरावलोकन गर्न समेत माग गरिएको थियो। पर्यटन उद्योग विश्व बजारबाट तुरुन्तै प्रभावित हुने उद्योग भएका कारण विज्ञान र प्रविधिको अधिकतम प्रयोगमार्फत दिनानुदिन सञ्चालन र व्यवस्थापनका आयामहरू परिवर्तन भइरहेको समयमा प्रतिस्पर्धी र परिवर्तनमुखी बनाउन आवश्यक छ। *(प्रस्तुत विचार हानका उपाध्यक्ष तुलाधरसँग गरिएको कुराकानीमा आधारित)*

# तरकारीखेतीबाट आर्थिक उपार्जनमा मोतिपुरका किसान

**युग संवाददाता**
**दाङ, १ भदौ ।**

तुलसीपुर उपमहानगरपालिका वडा नं १३ मोतिपुर तरकारीखेतीका हिसाबले आफैँमा उत्तम ठाउँ हो। सिँचाइका लागि पानीको सहज उपलब्धता छँदैथियो। मिहिनेती किसान, बजारको सहज उपलब्धता भए पनि यहाँका किसानले तरकारीखेती गर्न थालेको भने धेरै लामो समय भएको छैन।

उचित सिँचाइ, मलिलो माटो भए पनि तरकारीखेती गर्नुपर्छ भन्ने कुरा धेरैपछि मात्रै थाहा भयो। जब त्यहाँ सरकारी निकाय तथा विभिन्न सङ्घसंस्थाले तरकारीखेतीका लागि प्रशिक्षण दिए, त्यसपछि व्यावसायिक रूपमा खेती सुरु भएको स्थानीय यज्ञ खत्री स्मरण गर्छन्।

"बस्ती बसेको लामो समय भयो, तर तरकारीखेती हुँदैनथ्यो", उनले भने, "घरायसी प्रयोजनका लागिमात्रै खेती गरिन्थ्यो। अहिले भने अधिकांशले व्यावसायिक खेती गर्न थाल्नुभएको छ।" आफूले पनि अहिले डेढ बिघामा तरकारीखेती गर्ने गरेको उनले बताए। यहाँका स्थानीयले पक्की घरसमेत बनाउन थालेको उनको भनाइ छ। "पहिले दैनिकी चलाउन नै समस्या हुन्थ्यो, के खाने, के लाउने हुन्थ्यो", उनले भने, "अहिले तरकारी बेचेरै भएको आम्दानीले धेरैले घर निर्माण गरेका छन्, बच्चाबच्चीलाई सहजै पढाउन सकिएको छ।" स्थानीय किसानले तरकारी बेचेर आर्थिक उपार्जन गरेका छन्। फुसका घरमा बस्दै आएकाले पनि पक्की घर बनाएको उनको भनाइ छ।

अर्का स्थानीय किसान दीपक चौधरी सात कट्ठामा तरकारीखेती गर्छन्। उनले त्यसबाट वार्षिक रु चार लाख बढी आम्दानी गर्छन्। "मैले तरकारीखेती गर्न थालेको १२ वर्ष भयो", उनले भने, "राम्रो आम्दानी गर्दै आएको छु।"

हिउँदे सिजनमा भने उनले १७ कट्ठाभन्दा बढीमा काउली, बन्दा, लौका, करेला, आलुलगायत उत्पादन गर्छन्। खेतीबाटै भएको आम्दानीले घरव्यवहार चलाउन, छोराछोरीलाई राम्रो विद्यालय पढाउन सहज भएको उनको भनाइ छ।

त्यस्तै सोही ठाउँका किसान जुगराम चौधरीले पनि काउली, आलु, टमाटर, बोडी, लौकाको व्यवसाय गर्दै आएका छन्। उनले एक बिघाभन्दा बढी क्षेत्रमा तरकारीखेती गरेको सुनाए। त्यसबाट वार्षिक रु आठ लाखभन्दा बढी आम्दानी हुने गरेको छ।

## किन...

असरका बारेमा सूक्ष्म अध्ययन गरेर मात्र परियोजनाहरू सञ्चान गर्नतर्फ सरकारले बेलैमा ध्यान पुऱ्याउनुपर्नेमा जोड दिन्छन् ठकुरी।

नेपालमा जलवायु प्रकोपबाट विभिन्न समयमा बाढी तथा पहिरोको सूक्ष्म अध्ययन गरेका जलवायुविज्ञ ठकुरी कर्णालीका अधिकांश जिल्ला पहिरोको उच्च जोखिममा रहेकाले यहाँ छरिएर रहेको बस्तीलाई एकीकृत नमुना बस्तीको रूपमा विकास गर्न सके विपद् र यसको क्षतिबाट बच्न सकिने सुझाव दिन्छन्।

दिनानुदिन बढ्दै गएको जलवायुजन्य प्रकोपबाट जोगिनका लागि एकीकृत योजना बनाई राज्यसँग भएको स्रोत र साधनको प्रभावकारी परिचालन तथा पूर्वसूचना प्रणाली जडान गरी विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि छुट्टै संयन्त्र निर्माण गर्नुपर्नेमा उनले जोड दिए।

विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति-२०६६ र विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति कार्ययोजना सन् २०१८-२०३० ले विपद् जोखिम व्यवस्थापनको क्षेत्रमा राहत तथा उद्दारकेन्द्रित अवधारणाबाट विपद् जोखिम न्यूनीकरण केन्द्रित बृहत्तर अवधारणालाई अवलम्बन गरेको छ। तर, कर्णाली प्रदेश सरकारले विपद्पछिको उद्दार र राहतमै ध्यान केन्द्रित गराउँदा हजारौँ नागरिक बर्सेनी विस्थापित हुँदै गएका छन्।

स्थापना भएको नौ वर्षको वर्षको अवधिमा प्रदेश सरकारले विभिन्न चरणमा गरी अर्बौं रकम मनसुनजन्य प्रकोपबाट पीडित नागरिकलाई राहतस्वरुप रकम उपलब्ध गराएको छ। तर, विस्थापितको पुनर्स्थापनाका लागि भने तीनै तहका सरकारले कुनै पहलसम्म गरेका छैनन्।

# राष्ट्रिय दैनिक पत्रीकाहरूद्वारा विज्ञापन बजार व्यवस्थित गर्न सामूहिक प्रतिबद्धता

**युग संवाददाता**
**काठमाडौं, १ भदौ ।**

नेपालको छापा माध्यम क्षेत्रमा देखिएको आर्थिक संकट, विज्ञापन बजारको अस्वस्थ प्रतिस्पर्धा, अनियमित मूल्य निर्धारण तथा भुक्तानी प्रणालीलाई व्यवस्थित गर्न राष्ट्रिय दैनिक पत्रिकाहरूले सामूहिक प्रतिबद्धता घोषणा गरेका छन् । काठमाडौंमा सोमबार सम्पन्न राष्ट्रिय दैनिकहरूको साझा भेलाले विज्ञापन बजारमा स्वस्थ प्रतिस्पर्धा, पारदर्शी कारोबार र सञ्चार उद्योगको दीगो विकासलाई प्राथमिकता दिँदै सामूहिक प्रतिबद्धता तथा घोषणा-पत्र जारी गरेको हो । घोषणा-पत्रमा डिजिटल माध्यमको तीव्र विस्तार, विज्ञापन बजारमा आएको संकुचन, अस्वस्थ मूल्य प्रतिस्पर्धा तथा भुक्तानीमा देखिएको अनियमितताका कारण समग्र छापा माध्यम गम्भीर आर्थिक चुनौतीमा परेको उल्लेख गरिएको छ । यस्तो अवस्थामा राष्ट्रिय दैनिकहरूबीच आपसी सहकार्य, समन्वय र व्यावसायिक मर्यादा





कायम गर्न आवश्यक रहेको भेलाको निष्कर्ष छ ।

राष्ट्रिय दैनिकहरूले विज्ञापन दरमा अनावश्यक प्रतिस्पर्धा नगर्ने र वास्तविक लागत तथा बजार मूल्यभन्दा अस्वाभाविक रूपमा कम दरमा विज्ञापन स्वीकार नगर्ने प्रतिबद्धता जनाएका छन् । विज्ञापनको आकार, स्थान, प्रकृति, प्रकाशन दिन तथा अन्य व्यावसायिक सुविधाका आधारमा पारदर्शी र स्पष्ट दर निर्धारण गर्ने उनीहरूको भनाइ छ । त्यस्तै, विज्ञापन बजारमा न्यूनतम व्यावसायिक मापदण्ड कायम गर्न साझा आधारभूत विज्ञापन दर निर्धारण तथा कार्यान्वयनका लागि आवश्यक संयन्त्र निर्माण गर्ने घोषणा गरिएको छ । विज्ञापनदाता आकर्षित गर्ने नाममा अत्यधिक तथा अपारदर्शी छुट, कमिसन वा अन्य सुविधामार्फत अस्वस्थ प्रतिस्पर्धा नगर्ने पनि प्रतिबद्धता गरिएको छ । भेलाले विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच हुने कारोबारलाई पारदर्शी बनाउन स्पष्ट बिल, वास्तविक विज्ञापन मूल्य र प्रकाशनसम्बन्धी प्रमाणलाई प्राथमिकता दिने निर्णय गरेको छ । तेस्रो पक्षको नाममा हुने अपारदर्शी बिलिङ तथा भुक्तानी प्रणालीलाई निरुत्साहित गर्न सम्बन्धित निकायसँग सहकार्य गर्ने घोषणा पनि गरिएको छ ।

विज्ञापन भुक्तानीमा सम्भव भएसम्म विज्ञापनदाता र सञ्चारमाध्यमबीच प्रत्यक्ष तथा पारदर्शी प्रणाली विकास गर्न पहल गरिने भएको छ । विज्ञापन एजेन्सीको वैधानिक तथा व्यावसायिक भूमिकालाई सम्मान गर्दै सञ्चारमाध्यमले प्राप्त गर्नुपर्ने रकम अनावश्यक रूपमा लामो समय रोक्ने वा अन्य प्रयोजनमा प्रयोग हुने अवस्थाको अन्त्यका लागि सम्बन्धित पक्षसँग संवाद गर्ने प्रतिबद्धता जनाइएको छ । यसैगरी, सरकारी तथा सार्वजनिक निकायबाट वितरण हुने विज्ञापनमा स्पष्ट, पारदर्शी र वस्तुनिष्ठ मापदण्ड लागू गर्न सरकारसँग आग्रह गरिएको छ । पत्रिकाको पहुँच, नियमितता, प्रसार, पाठक प्रभाव, विषयगत आवश्यकता तथा विज्ञापनको प्रकृतिलाई आधार बनाएर वैज्ञानिक विज्ञापन वितरण प्रणाली विकास गर्नुपर्ने माग भेलाले गरेको छ ।

## घुयँत्रो



माडसापहरु तपाईंहरले आन्दोलन गर्न नपर्ला जस्तो भो त ! गोडा ३५/३६ बर्ष तपाईंहरकै दलले सरकार चलाउँदानि तपाईंहरले भन्या जस्तो कानुन नल्याएर तपाईंहरलाई खानुन पिनु बनाएर सडकाँ अलपत्र पारेर बारम्बार आन्दोलन गराउन खोज्ने तपाईंहरको सरकार गएछि मात्रै तपाईंहरको माग पूरा गर्दिने सरकार आयोकि जस्तो ला छ है मलाई त! भन्न त तपाईंहरले शिक्षा ऐन संसोधन गर्न फेरि आन्दोलन गर्छम् भन्नुभाथ्यो त्यै सुनेर होकि साँच्चिकै शिक्षामा सुधार ल्याउनालागि हो गएको शनिबाराट शरोकारवालासित छलफल गर्ने भनेर विराटनगरदेखि शिक्षा ऐनाँ छलफल थालियो त था त पाउनु भो नि ! हिजा दिनाँ तपाईंहरको सरकारले उल्टै तपाईंहरलाई नै सडकाट आन्दोलन छोडेर घर जानमात्रै बाध्य पारेनकि विचरा शिक्षकको माग पूरा गर्दिनु पर्छ भनेर लागेकि शिक्षा मन्त्री विद्या भट्टराईको समेत वलीले जागिर खाईदे । ऐले अब देशाँ वलिको सरकार छैन । नयाँ पाटिको नयाँ सरकार आछ बरु नयाँ सरकारले तपाईं हरको मागपूरा गर्देला जस्तोछ ।सरहरुतपाईहरको ऐन संसोधन गर्न साते प्रदेशका सदरमुकामाँ संसोधन छलफल राखियाछ बरु तपाईंहरका प्रतिनिधि पठाएर छलफलाँसुझाब दिनु पर्यो र साते प्रदेशाँ दिईने सुझाब नबाझिएर तपाईंहरले चाहेकै जस्तो भयो भने त तपाईंहरको माग पूरा नहुने कुरै भएन । बरु हिजो जसरि माडसापको नेताहरुले सडक तताउन माडसापहरलाई पढाइ छुटाएर राजधानियाँ उराल्नु भो तर तपाईंका नेता भनाउँदा वलि र प्रचण्डले तपाईंहरका कुरै सुन्न चाहेनन । ३५/३५ बर्ष सम्म काँग्रेस कमिनिष्टका जुत्ताका तलुवासरह घिसारिएर हातगाँठि शून्य भएर आन्दोलनबाट फर्कियर उनै विद्यालय कोठाँमा फर्किएको जिन्दगी यो पटकको सरकारले फेर्दिन्छकि जस्तो छ । त्यसैले शिक्षा ऐनमा हुने प्रदेशका सदरमुकामका छलफलाँ आफ्ना मागदेर सरहरलाई पठाउनुस त अनि छलफल गराउने टोलिले तपाईंले दे को सुझाब कसरी लिन । शिक्षक भएर नि आफ्नो मान मर्दनमा नबसी नेताहरुले जे जे र जताजता भन्यो त्यतै हिँड्दिने अनि अनि गाउँको राजनीति धान्दिने गरेछि दलवालाहरुले हेपेका हुन भन्ने कुरा नबुझ्दिँदा यो देशको शिक्षानीति बेहाल अबस्थाँ पुग्या हो भन्ने कुरा सरहरुले नि बुझ्नु पर्यो । अब बालेन सरकारले सरहरुनि कुनैपनि राजनीतिक संगठनाँ आबद्ध हुन नपाउने भन्ने व्यवस्था गर्याछ । बरु त्यै कुरालाई स्विकारगरि आफ्नो वृतिविकासका लागि एकताबध्द हुने सोच राखेर हाल ल्याउन लागिएको ऐन निर्माण गर्न सरहरुको तर्फबाट सक्दो सहयोग गरि यहि सदनमा शिक्षा ऐन पेश गरेर त्यसलाई पास गराउन लाग्नु भो भने सरहरुकोनि माग पूरा हुन्छ र सरकारले नि देशको शिक्षानितिमा ल्याउन खोजेको परिवर्तनले साकाररुप पाउनेछ । राजादेखि रंकसम्म नेतादेखि मास्टरसम्म सबैको गुनासो शिक्षा नीति राम्रो भएन भन्ने तर त्यसलाई कैल्यै पनि सुधार गर्न नचाहने नेताहरु र शिक्षाक्षेत्र सम्हालेका दलाल ,विचौलिया र गलत सल्लाहकारका कारण २८ सालको शिक्षा नितिले आजसम्म वेरोजगारमात्र उत्पादन गर्यो जस्ले गर्दा युवाशक्ति विदेश पलायन भए । तर अबको शिक्षा नीति यस्तो बनोस र शिक्षा ऐन यस्तो आओसकि जसले उत्पादन हुने विद्यार्थी नैतिकबान,चरित्रबान र शैध्दान्तिक ज्ञानसितै प्राविधिक ज्ञानले निपूर्ण बन्न सकून र पढाइ सकिने बित्तिकै रोजगारीका लागि विक्रिहोउन र विदेश हान्निन नपरोस । साँच्चिकै नयाँ दलको नयाँ सरकारले शिक्षानितिमा आमूल परिवर्तन गरेर शिक्षा ऐन जारी गरि दिए त हिजोदेखि माग पूरा नभएर आन्दोलनमा थला परेका मास्टरहरुमात्रै हैनकि नागरिकहरुसमेत यो सरकारसित आभारी हुने थिए । के संसोधन हुन लागेको शिक्षा ऐन माष्टर,अभिभावक र विद्यार्थीको मागपूरा गरेर नेपाली शिक्षा क्षेत्रमा खरो उत्रिन सक्ला ?

# कर्णाली सरकारले जाजरकोटका पहिरो प्रभावितको तथ्याङ्क सङ्कलन गर्ने

**युग संवाददाता**
**सुर्खेत, १ भदौ ।**

कर्णाली प्रदेश सरकारले जाजरकोटको भेरी नगरपालिका-२ रिसाङमा पहिरोबाट प्रभावित परिवारको तथ्याङ्क सङ्कलन गर्ने भएको छ ।

प्रदेश सरकारले पहिरोबाट भएको जनधनको क्षतिको यथार्थ विवरण सङ्कलन गरी त्यसैका आधारमा राहत, पुनःस्थापना तथा पुनर्निर्माणका योजना र कार्यक्रम अघि बढाउने निर्णय गरेको प्रदेश सरकारका सचिव लक्ष्मीकुमार विकले जानकारी दिए ।

उनका अनुसार पहिरामा परी मृत्यु भएका परिवारलाई दुर्घटना बिमामार्फत राहत उपलब्ध गराउने, क्षतिग्रस्त घर तथा विद्यालयको पुनर्निर्माण र मर्मत गर्ने तथा घाइतेको उपचारका लागि आवश्यक प्रबन्ध मिलाइनेछ ।

पहिरोबाट पशुपन्छी तथा कृषि बालीमा भएको क्षतिको विवरण सङ्कलन गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमार्फत आवश्यक सहयोग उपलब्ध गराउने निर्णयसमेत भएको उनले बताए ।

**भू-संरक्षणमा ध्यान दिऔं**

- भू-क्षय र पहिरो नियन्त्रणमा योगदान दिऔं,
- भिरालो जमिनमा खेती गर्दा गरा बनाई गरौं,
- भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटबिरुवा रोपौं,
- बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
- भू-बनोट र वातावरणीय अध्ययन गरेर मात्र सडक पूर्वाधार निर्माण गरौं,
- वन, जलस्रोत र प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- भू-संरक्षणमा समुदायको सहभागिता बढाऔं ।

भू-रक्षा: जीवनको सुरक्षा

नेपाल सरकार
विज्ञापन बोर्ड

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

**सामेल एग्रिकल्चर प्रा.लि.**
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत

हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरू, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।



budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८X४० साईजको मेसिनबाट छपाई

**RARA Printing Pvt.Ltd.**
**रारा प्रिन्टीङ्ग प्रा.लि.**

Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)




हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।
सम्पर्क नं. ९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

**युगआह्वान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।